21 March 2025

यो आकाशवाणी हो
समाचार पारसमणि दंगालबाट सुन्नुहोस्

मुख्य समाचार :-

- आतंकवाद विरुद्ध सरकारले शून्य सहनशीलताको नीति लिएको गृहमन्त्रीले बताउनुभयो
- फिर्ता पठाइएका नागरिकहरूमाथि गरिएको अमेरिकी व्यावहारप्रति भारतको आपत्ति
- भारतले रूस-युक्रेन द्वन्द्वको स्थायी समाधानको लागि संवाद र कूटनीतिलाई सधैं समर्थन गरेको विदेश मन्त्रालयले बतायो
- टीबी मुक्त राष्ट्र बन्ने दिशामा भारत अग्रसर
- चीनको होतान प्रान्तमा नयाँ काउन्टी सिर्जना गरिएकोमा भारतको आपत्ति, अनि
- २०३० को शताब्दी राष्ट्रमण्डल खेल आयोजना गर्न भारतले प्रस्तुत गऱ्यो दाबी

अब समाचार विस्तारमा

राज्यसभा-गृह मन्त्रालय
नरेन्द्र मोदी सरकारले आतंकवाद विरुद्ध शून्य सहनशीलताको नीति लिएको गृहमन्त्री श्री अमित शाहले बताउनु भएको छ। उहाँले भन्नुभएको छ, एनडीए सरकारको समयमा जम्मू कश्मीरमा आतंकवादका कारण हुने मृत्युमा ७० प्रतिशतले कमी आएको छ र आतंकवादी घटनाहरूमा पनि उल्लेखनीय कमी आएको छ।

आज राज्यसभामा गृह मन्त्रालयको कामकारबाहीमाथिको छलफलको जवाफ दिँदै श्री शाहले विगत दश वर्षमा सरकारले राजनीतिक इच्छाशक्ति र तकनिकीको प्रयोग मार्फत देशको सुरक्षालाई बलियो बनाएको बताउनुभयो। उहाँले भन्नुभयो, देशले विगतमा तीन प्रमुख चुनौतीहरूको सामना गरेको छ - जम्मू कश्मीरमा आतंकवाद, वामपन्थी अतिवाद र पूर्वोत्तरमा विद्रोह - जसले राष्ट्रको प्रगति र विकासमा बाधा पुऱ्यायो। श्री शाहले भन्नुभयो, सरकारले यी सबै चुनौतीहरूको दृढतापूर्वक सामना गरेको छ। उहाँले भन्नुभयो, धारा ३७० हटाएर मोदी सरकारले संविधान निर्माताहरूको 'एक संविधान, एक झण्डा' को सपना पूरा गरेको छ। गृहमन्त्रीले भन्नुभयो, उरी र पुलवामामा भएको आतंकवादी आक्रमणको दश दिन भित्रमा भारतले पाकिस्तान विरुद्ध सर्जिकल स्ट्राइक र हवाई आक्रमण गरेको थियो।

लोकसभा अमेरिकी प्रत्यर्पण

गत महिनाको ५ तारिख अमेरिकाबाट अमृतसर फिर्ता पठाइएका भारतीय नागरिकहरूमाथि गरिएको व्यवहारप्रति भारतले अमेरिकी अधिकारीहरूसँग गम्भीर आपत्ति जनाएको छ। भारतले पठाइएका मानिसहरू, विशेष गरी महिलाहरूलाई बाँधिएको मुद्दा उठाएको छ।

यो जानकारी विदेश राज्यमन्त्री श्री कीर्तिवर्धन सिंहले आज लोकसभामा एक लिखित उत्तरमा दिनु भएको हो। उहाँले भन्नुभयो, भारतले अमेरिकासँग फिर्ता पठाइएका व्यक्तिहरूसँग मानवीय व्यवहारको मुद्दा निरन्तर उठाउँदै आएको छ।

अर्को प्रश्नको उत्तरमा, विदेश राज्यमन्त्रीले जनवरी २०२५ देखि ३८८ जना भारतीय नागरिकलाई फिर्ता पठाइएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, २००९ देखि २०२४ सम्ममा १५ हजार भन्दा बढी भारतीयहरू अमेरिकाबाट फर्किएका छन्।

विदेश मन्त्रालय-ब्रिफिङ

सरकारले रूस-युक्रेन द्वन्द्वमा भारतको अडान सर्वविदित भएको बताएको छ। सरकारले भनेको छ, भारतले द्वन्द्वको स्थायी समाधानको लागि दुई पक्ष र अन्य प्रमुख सरोकारवालाहरू बीचको संवाद र कूटनीतिलाई सधैं समर्थन गरेको छ। आज नयाँ दिल्लीमा, विदेश मन्त्रालयका प्रवक्ता श्री रणधीर जयसवालले भन्नुभयो, द्वन्द्वका दुवै पक्षहरू, साथै अन्य सरोकारवालाहरूसँग भारतको छलफल यस व्यापक दृष्टिकोणसँग मेल खान्छ।

भारत-चीन वार्ताको बारेमा श्री जयस्वालले भन्नुभयो, प्रधानमन्त्री श्री नरेन्द्र मोदी र चिनका राष्ट्रपति श्री सी जिनपिङ बीच कजानमा भएको भेटपछि दुवै पक्षबीच विदेशमन्त्री, राष्ट्रिय सुरक्षा सल्लाहकार र विदेश सचिवको स्तरमा रचनात्मक वार्ता भएका छन्।

विदेश सचिवले जनवरीमा बेजिङमा चिनका विदेश सचिवलाई भेट्नुभएको थियो। विदेशमन्त्रीले जोहानेसबर्गमा भएको जी-२० को क्रममा आफ्ना चिनियाँ समकक्षीसँग छलफल गर्नुभयो। श्री जयसवालले भन्नुभयो, भारत र चीन यस वर्ष कैलाश मानसरोवर यात्रा सुरु गर्न सहमत भएका छन् र यसको मोडालिटीमाथि छलफल भइरहेको छ।

राष्ट्रपति-एम्स

राष्ट्रपति श्री द्रौपदी मुर्मुले आज नयाँ दिल्लीस्थित अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) को ४९ औं दीक्षान्त समारोहलाई सम्बोधन गर्नुभयो। राष्ट्रपतिले भन्नुभयो, एम्स एउटा यस्तो संस्थान हो जसले स्वास्थ्य सेवा, चिकित्सा शिक्षा र जीवन विज्ञान अनुसन्धानमा उत्कृष्टता हासिल गरेर विश्वभरि प्रतिष्ठा कमाएको छ। राष्ट्रपतिले भन्नुभयो, एम्स उपचारका लागि आउने लाखौं बिरामीहरूको लागि आशाको प्रतीक बन्न पुगेको छ।

लोकसभा टीबी

सरकारले भनेको छ, भारत यस वर्ष टीबी मुक्त राष्ट्र बन्ने दिशामा अग्रसर छ। देशमा टीबी २०१५ मा प्रति लाख २३७ थियो जो २०२३ मा घटेर प्रति लाख १९५ भएको अपेक्षा गरिएको छ।
लोकसभामा प्रश्नकालमा पूरक प्रश्नहरूको उत्तर दिँदै स्वास्थ्य राज्यमन्त्री श्रीमती अनुप्रिया पटेलले सरकारले टीबीका केसहरू पत्ता लगाउन ३३ राज्य र केन्द्र शासित प्रदेशहरूका ३४७ जिल्लाहरूमा सय दिने टीबी उन्मूलन अभियान सुरु गरेको छ जानकारी दिनुभयो।

लोकसभा-चीन

चीनको होतान प्रान्तमा नयाँ काउन्टी सिर्जना गरिएकोमा भारतले कूटनीतिक माध्यमबाट कडा विरोध जनाएको छ। लोकसभामा लिखित उत्तरमा, विदेश राज्यमन्त्री श्री कीर्तिवर्धन सिंहले भन्नुभएको छ, यी तथाकथित काउन्टीहरूको क्षेत्राधिकारका केही भाग भारतको लद्दाखमा पर्छन्। उहाँले जोड दिँदै भन्नुभयो, भारतले यस क्षेत्रमा आफ्नो भूभागमा अवैध चिनियाँ कब्जा कहिल्यै स्वीकार गरेको छैन।
नयाँ काउन्टीको निर्माणले यस क्षेत्रमाथिको भारतको सार्वभौमिकतामा लामो समयदेखिको र स्थिर स्थितिलाई असर गर्ने छैन, न त चीनको अवैध र जबरजस्ती कब्जालाई वैधता प्रदान गर्नेछ।

राज्यसभा न्यायाधीश

दिल्ली उच्च न्यायालयका न्यायाधीश न्यायमूर्ति यशवन्त वर्माको घरबाट नगदराशि प्राप्त भएको मुद्दा आज राज्यसभामा उठ्यो। यस विषयमा ध्यानाकर्षण गर्दै सभापति श्री जगदीप धनखडले सदनका नेता र विपक्षी दलका नेतालाई सम्पर्क गर्ने र सत्रको अवधिमा व्यवस्थित छलफल गर्ने बताउनु भयो। यसअघि कंग्रेस सांसद श्री जयराम रमेशले शून्यकालको समयमा यो मुद्दा उठाउँदै दिल्ली उच्च न्यायालयका न्यायाधीशको घरबाट ठूलो मात्रामा नगदराशि प्राप्त हुनु स्तब्ध पार्ने घटना भएको बताउनु भएको थियो। उहाँले न्यायिक जवाफदेहिता बढाउने प्रस्ताव ल्याउन सरकारलाई आवश्यक निर्देशन दिन सभापति श्री जगदीप धनखडलाई आग्रह पनि गर्नुभयो।

भारत-२०३० राष्ट्रमण्डल खेल

भारतले २०३० मा हुने शताब्दी राष्ट्रमण्डल खेल आयोजना गर्न आधिकारिक रूपमा दाबी प्रस्तुत गरेको छ। भारतले गुजरातको अहमदाबादमा यसको आयोजना गर्ने दाबी प्रस्तुत गरेको हो। यो दाबीसितै भारतले वैश्विक खेलकुद कार्यक्रम आयोजना गर्ने दिशामा ठूलो कदम चालेको छ। भारतीय राष्ट्रमण्डल खेलकुद संघकी अध्यक्ष श्रीमती पीटी उषाको नेतृत्वमा खेलकुद आयोजनाको लागि गरिएको दाबीले अहमदाबाद आयोजना गर्न तयार रहेको देखाउँछ।

यो कदमले २०३६ को ओलम्पिक खेलसहित प्रमुख अन्तर्राष्ट्रिय कार्यक्रमहरू आयोजना गर्ने भारतको महत्वाकांक्षी प्रयासलाई पनि प्रतिबिम्बित गर्दछ। राष्ट्रमण्डल खेलकुद आयोजना गर्नाले खेलकुद प्रशासनमा भारतको प्रतिष्ठा मात्र बढ्नेछैन तर देशलाई आर्थिक लाभ पनि उत्तिकै हुनेछ।
श्रीमती पीटी उषाले पुष्टि गरे अनुसार राष्ट्रमंडल खेल महासंघले भारतको प्रस्ताव प्राप्त गरिसकेको छ।

आर्थिक चिन्ताका कारण सिंगापुर र मलेसिया जस्ता अन्य सम्भावित आयोजक देशहरूले नाम फिर्ता लिएपछि भारतको दाबी बलियो भएको छ। जनवरीमा राष्ट्रमंडल खेल महासंघका अध्यक्ष श्री क्रिस जेन किन्सले गुजरातको भ्रमण गर्नुभएको थियो। यसले अहमदाबादलाई ऐतिहासिक २०३० खेल आयोजनाको बलियो दावेदारका रूपमा प्रस्तुत गरेको छ।

स्विस ओपन ब्याडमिन्टन
त्रिशा जोली र गायत्री गोपीचन्दले आज स्विस ओपन ब्याडमिन्टन प्रतियोगिताको महिला डबलसमा आफ्नो क्वार्टरफाइनल खेल खेल्नेछन्। अर्कोतर्फ, शंकर सुब्रमण्यम पुरुष एकलको क्वार्टरफाइनलमा पुगेका छन्।

अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट

- आतंकवाद विरुद्ध सरकारले शून्य सहनशीलताको नीति लिएको गृहमन्त्रीले बताउनुभयो
- फिर्ता पठाइएका नागरिकहरूमाथि गरिएको अमेरिकी व्यावहारप्रति भारतको आपत्ति
- भारतले रूस-युक्रेन द्वन्द्वको स्थायी समाधानको लागि संवाद र कूटनीतिलाई सधैं समर्थन गरेको विदेश मन्त्रालयले बतायो
- टीबी मुक्त राष्ट्र बन्ने दिशामा भारत अग्रसर
- चीनको होतान प्रान्तमा नयाँ काउन्टी सिर्जना गरिएकोमा भारतको आपत्ति, अनि
- २०३० को शताब्दी राष्ट्रमण्डल खेल आयोजना गर्न भारतले प्रस्तुत गऱ्यो दाबी